**भारतीय राजदूतावास**

**काठमाडौँ**

**प्रेस विज्ञप्ति**

**नेपालको कोशी प्रदेशस्थित उदयपुरमा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको उद्घाटन**

२०८३ आश्विन १९

नेपालको कोशी प्रदेशस्थित उदयपुर जिल्लाको त्रियुगा नगरपालिका वडा नं. ५ मा भारत सरकारको आर्थिक सहयोगमा निर्मित श्रीपुर खानेपानी आपूर्ति तथा सरसफाइ परियोजनाको आज काठमाडौँस्थित भारतीय राजदूतावासका प्रथम सचिव श्री नारायण सिंह र त्रियुगा नगरपालिकाका मेयर श्री बसन्त कुमार बस्नेतले संयुक्त रूपमा उद्घाटन गर्नुभयो।

२. श्रीपुर खानेपानी आपूर्ति तथा सरसफाइ परियोजनाको निर्माण उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रूपमा गरिएको थियो। यो परियोजना उदयपुरको त्रियुगा नगरपालिकामार्फत कार्यान्वयन गरिएको थियो।

३. उदयपुरको त्रियुगा नगरपालिकाका मेयर तथा अन्य सरोकारवालाहरूले भारत सरकारद्वारा प्रदान गरिँदै आएको विकास सहयोगको प्रशंसा गर्नुभयो। वहाँहरुले नयाँ खानेपानी आपूर्ति तथा सरसफाइ सुविधाले यस क्षेत्रको स्थानीय समुदायको जीवनस्तर सुधार गर्न मद्दत पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो।

४. उच्च प्रभाव सामुदायिक विकास परियोजना कार्यक्रमको सुरुवात भएयता विभिन्न क्षेत्रहरुमा भारत सरकारद्वारा नेपालका सबै ७ वटै प्रदेश र ७४ वटा जिल्लाहरू समेट्ने गरी ६०५ वटा परियोजनाहरू सञ्चालन गरिएका छन्। यसमध्ये उदयपुर जिल्लामा १२ वटा परियोजना सहित कोशी प्रदेशमा १०३ वटा परियोजनाहरू रहेका छन्। यसका अतिरिक्त, भारत सरकारले उदयपुर जिल्लामा १३ वटा एम्बुलेन्स र ३

वटा स्कुल बस सहित कोशी प्रदेशका स्वास्थ्य तथा शिक्षा क्षेत्रमा कार्यरत विभिन्न संस्थाहरूलाई १५० वटा एम्बुलेन्स र ६२ वटा स्कुल बस उपहारस्वरूप प्रदान गरेको छ।

५. नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहेको छ। उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनले प्राथमिकताका क्षेत्रहरुमा पूर्वाधार विकास गर्नुका साथै विकास र समृद्धिलाई अगाडि बढाउने नेपाल सरकारको प्रयासलाई सुदृढ पार्न भारत सरकारको निरन्तर सहयोगलाई प्रतिबिम्बित गर्दछ।

काठमाडौँ

२०८३ आश्विन १९